# प्रेस विज्ञप्ति- २०८

**Press Release-208**

लागुऔषधनियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मिति: २०७४।११।१८ गते।

## ट्रकमा लुकाई-छिपाई राखिएको २८ किलो ७०० ग्राम गाँजाको धुलो सहित ३ जना भारतीय नागरिक पक्राउ।

विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०७४/११/१७ गते रातको ०३:३० बजेको समयमा भारत उत्तर प्रदेश जिल्ला मुजफ्फरनगर थाना कोतवाली ग्राम दक्षिण खाला ठेगाना भएका वर्ष २० को मो.रवीश, ऐ.जिल्ला शामली रसुलपुर गुजरान ठेगाना भएका वर्ष ३७ को अरशद र ऐ. जिल्ला सारनपुर थाना देवन गुज्जर ठेगाना भएका वर्ष ४७ को तासवर अली समेत जना-३ लाई निजहरुले प्रयोग गरेको UP19t4848 नम्बरको भारतीय ट्रकको पिछा गर्दै जाँदा जिल्ला धादिङ गल्छी गाउँपालिका वडा नं. ७ गल्छीचोकमा फेलापारी उक्त ट्रकको चेक-जाँच गर्ने क्रममा ब्यूरोको टोलीले ट्रकको चालक सिट पछाडी सिटमुनी फल्स बटम बनाई प्लाष्टिकको बोरा भित्र ३५ वटा पोका बनाई लुकाई-छिपाई राखिएको अवस्थामा **लागु औषध गाँजाको धुलो २८ (अठ्ठाईस) किलो ७०० ग्राम सहित ३ (तीन)** जना भारतीय नागरीकहरुलाई पक्राउ गरी उक्त ट्रक सहित निजहरुलाई थप अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय गजुरी, धादिङमा बुझाईएको ब्यहोरा जानकारीको लागि अनुरोध।

निजहरु लामो समय देखी ट्रकको प्रयोग गरी गाँजा, चरेसको ओसार-पसार कार्यमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


GOODS
CARRIER
TATA







